दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ९ फाल्गुन २३, २०७९ साल

## भाग-२

**दुप्चेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**समुन्द्रटार, नुवाकोट**

बागमती प्रदेश, नेपाल

# चिया विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९

**प्रस्तावनाः**

दुप्चेश्वर गाँउपालिका भित्र चिया खेती हुन सक्ने क्षेत्रको पहिचान, विस्तार गरी चिया खेतीको उत्पादनका माध्यमबाट स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम दुप्चेश्वर गाउँपालिका गाउँकार्यपालिकाको निर्णय अनुसार "चिया बिस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ " तयार गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम चिया विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि कार्य पालिकावाट स्वीकृत भएको राजपत्रमा प्रकाशित मिति देखि लागु हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिः

(क) "समूह" भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका ५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ ।

(ख) "गाउँपालिका" भन्नाले दुप्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

(ग) "शाखा" भन्नाले दुप्चेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको कृषि विकास शाखा र पशुपन्छी विकास शाखालाई जनाउनेछ ।

(ज) “कार्यालय प्रमुख” भन्नाले दुप्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

(झ)“शाखा प्रमुख” भन्नाले दुप्चेश्वर गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको सम्बन्धित कृषि विकाश शाखाको  प्रमुख लाई बुझाउनेछ ।

(ण) चिया खेती भन्नाले उष्ण र उपोष्ण हावापानीमा खेती गरिने एक बहुवर्षे सदाबहार बोट सि.टि.सी. चिया  भन्नाले Crush tear curl चियालाई जनाउने छ ।

(ट) अर्थोडक्स  चिया भन्नाले पातलाई हातैले माडेर अथवा हातले माडेजस्तो मिल्दो जुल्दो हुने गरी मेशिनद्वारा रोलिङ्ग गरेर बनाएको चिया बुझिन्छ ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन

### २.१ संभावव्यता अध्ययन :

यस गाउँपालिकाको भुभाग भित्र रहेको जमिनमा चिया खेती गराउनको लागि सभाब्य क्षेत्रको पहिचान, माटोको परिक्षण, त्यसबाट पर्ने आर्थिक सामाजिक प्रभावबारे बिस्तृत अध्ययन, चिया तथा कफी बिकास बोर्ड, कृषी अनुसन्धान परिषद, कृषी ज्ञान केन्द्र जस्ता कार्यालय सहयोगको सहयोग वा अन्य परामर्श दातृ निकायको सहयोगमा बिस्तृत सम्भाब्यता अध्ययन गर्न सकिने छ ।

### २.२ चिया खेती बिस्तार :

सम्भाब्यता अभ्ययनले चिया खेती गर्न उपयुक्त देखिएको स्थानहरुमा चिया खेती गर्न स्थानीय कृषक, कृषी समुह, कृषी फर्म, सहकारी वा अन्य निकायलाई परिचालन गरिने छ ।

**२.३. चिया खेती पकेट क्षेत्रको पहिचान तथा घोषणा :**

सम्भाब्यता अध्ययन पछि चिया खेती बिस्तार गर्न उपयुक्त देखिएको क्षेत्रलाई चिया पकेट क्षेत्र घोषणा गरिने छ ।

**२.४ चिया नर्सरी स्थापना :**

चिया पकेट क्षेत्र घोषणा भएको स्थानमा कृषक, कृषक समुह वा कृषी तथा चिया सहकारी वा अन्य कृषी फर्मले चिया नर्सरी स्थापना गरेमा चिया नर्सरी पुर्बाधारको लागि कार्यापालिकाको निर्णय अनुसार ७५ प्रतिशत सम्म रकम अनुदान उपलब्ध गराउन सकिने छ ।

**२.५ चिया ब्लक स्थापना :**

चिया पकेट क्षेत्र भित्र स्थानीय कृषकहरुको स साना ब्लकहरु समेत स्थापना हुने छन् । समुह वा फर्मको रुपमा कम्तीमा ५ रोपनी जमिन भएका कृषकहरुलाई समेटेर २० रोपनी सम्मका चिया ब्लकहरु स्थापना गरिने छ ।

**२.६ चिया खेती अनुदान :**

चिया पकेट क्षेत्रमा चिया खेती पुर्वाधारका लागि कार्यापालिकाको निर्णय अनुसार तपशिल बमोजिमका क्षेत्रहरुमा तपशिल बमोजिम अनुदान उपलब्ध गराउन सकिने छः

क. सिंचाई अनुदान ९० प्रतिशत सम्म

ख. यन्त्र उपकरण अनुदान - ७५ प्रतिशत सम्म

ग. बिरुवा खरिदमा ७० प्रतिशत सम्म

घ दुवानी बापत ९० प्रतिशत सम्म

**२.७ चिया पकेट क्षेत्रका लाभग्राही**

चिया पकेट क्षेत्रमा न्युनतम ५ रोपनी जग्गा भै २० रोपनी सम्मको ब्लकमा आबद्ध, कृषक, कृषी समुह, कृषी सहकारी वा अन्य फर्म लाभग्राही हुने छ ।

## भाग ३

## विविध

**३.१ अनुगमन तथा मुल्यांकन**

चिया पकेट क्षेत्रमा चिया खेती सम्बन्धी सम्पूर्ण कार्यको गाउँपालिका तथा कृषी शाखाबाट अनुगमन तथा मुल्यांकन गरिने छ ।

**३.२ प्राविधिक सहयोग**

चिया खेती बिस्तारको लागि आबश्यक प्राबिधिक सहयोग कृषी शाखाद्धारा प्रदान गरिने छ ।

**३.३ कारवाहीको अवस्था**

लाभग्राहीले चिया खेतीको लागि निर्धारित कुनै अनुदान लिई सम्बन्धित कार्य नगरेमा प्रचलित कानुन बमोजिम कारवाही गरिने छ ।

**३.४ प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा भएको व्यवस्था संघीय वा प्रादेशिक कानून सग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ ।

**३.५ बाधा अडकाउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार दुप्चेश्वर गाउँ कार्यपालिकालाई हुनेछ ।

**३.६ संशोधनः**

यस कार्यविधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ।

**३.७ बचाउः**

यो कार्यविधि जारी हुनु अघि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,

दिपेश रिजाल

प्रमुख प्रशासकीय अधिकृत